# चौंतिसौं साधारण सभा

एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

मितिः २०८२ असोज २२ गते, बुधबार

**३४ औं साधारण सभाका लागि नोमिनेसन कमिटिको सर्कुलर-१**

**विषयः एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको प्रेपरेटोरी कमिटिमा रिक्त महिला सदस्य पदमा निर्वाचनका लागि उम्मेदवारीसम्बन्धी मनोनयन/चाहना पत्र आह्वान गरिएको सम्बन्धमा।**

एम्नेस्टी इन्टरनेसनल नेपालको ३३ औं साधारण सभाको निर्णयअनुसार प्रेपरेटोरी कमिटिमा रिक्त रहेको महिला सदस्य पदमा आगामी ३४ औं साधारण सभाबाट निर्वाचन गर्नु पर्ने भएकोले आजैका मितिदेखि उम्मेदवारी आह्वान गरिएको व्यहोरा एम्नेस्टी नेपालमा आबद्ध सबै समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूलाई यसैसाथ सूचित गरिन्छ। **उम्मेदवारी मनोनयन दर्ता गर्ने अन्तिम मिति २०८२ असोज ३० गते रहेको छ।** एम्नेस्टी इन्टरनेसनल नेपालको प्रेपरेटोरी कमिटि महिला सदस्य पदमा निर्वाचनका लागि उचित, उपयुक्त र योग्य उम्मेदवारहरूको खोजी गरी निर्वाचित हुन चाहने इच्छुकहरूको सूची तयार गरी तिनको योग्यता र अयोग्यतासम्बन्धमा अध्ययन गरी यस नोमिनेसन कमिटिले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (सन् २०२३) को दफा ११ को उपदफा (३) बमोजिम अध्ययन गरी सोही विधानको दफा १२ मा उल्लिखित कार्यदिशबमोजिम आफ्नो कामकारबाही सम्पन्न गर्ने व्यहोरा यसैसाथ अवगत गराइन्छ। **समूह र युथनेटवर्क तथा व्यक्तिगत सदस्यहरूका लागि अलग अलग नोमिनेसन फारम यसै इमेलसाथ प्रेशित गरिएको छ।**

उल्लिखित पदमा उम्मेदवारीका लागि मनोनयन/चाहना पत्र राष्ट्रिय सचिवालयमा दर्ता गर्न इच्छुक सबैलाई यसैसाथ अनुरोध गरिन्छ। यसरी मनोनयन/चाहना पत्र जाहेर गर्न इच्छुक समूह तथा युथ नेटवर्कका सदस्यहरूले आफू आबद्ध रहेको समूह वा युथनेटवर्कसमेतको प्रतिनिधित्व गर्दै उम्मेदवारीसम्बन्धी मनोनयन दर्ता गर्नका लागि आफ्नो समूह वा युथनेटवर्कले उम्मेदवारीका लागि सिफारिस गरेको पत्रका साथै कार्यसमितिद्वारा सोसम्बन्धी निर्णय गरिएको माइनुटको प्रति अनिवार्य रूपमा राख्नुपर्नेछ। व्यक्तिगत सदस्यहरूको हकमा भने यो प्रावधान लागू हुने छैन।

निर्धारित समयभित्र प्राप्त हुन आएका मनोनयन/चाहना पत्रका सवालमा नोमिनेसन कमिटिले **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको दफा ११ को उपदफा ३** बमोजिम अध्ययन गरी उम्मेदवारहरूको अन्तिम सूची तय गरी निर्वाचन प्रकृयाका लागि सिफारिस गर्नेछ।

मनोनयन/चाहना पत्रको साथ बढीमा एक पेजमा समावेश हुनेगरी आफ्नो व्यक्तिगत विवरण (Curriculum Vitae) अनिवार्य रूपमा समावेश गरिएको हुनुपर्नेछ। यसका अतिरिक्त नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एम्नेस्टी नेपालले दिएको परिचय पत्रको प्रतिलिपि, तोकिएको फर्म्याटमा पूर्णरूपमा भरिएको नोमिनेसन फारम, तोकिएको फर्म्याटमा समूहद्वारा प्रदान गरिएको सिफारिस पत्र, व्यक्तिगत विवरण (Curriculum Vitae) मा उल्लेख गरिएअनुसारको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि लगायतका अन्य सपोर्टिङ्ग कागजातहरूलाई स्क्यान गरी जेपेग वा पिडिएफ फर्म्याटमा इमेलमार्फत इमेल ठेगाना nomination@amnesty.org.np पठाउनु पर्नेछ। साथै आफूले किन एम्नेस्टी नेपालको सो पदमा उम्मेदवारी दिन लागेको हो र संस्थाका लागि आफ्नो के भिजन र प्रतिबद्धता रहेको छ भन्ने बारेमा बढीमा तीन मिनेटको भिडियो मेसेज मनोनयन/चाहना पत्रसँगै पठाउनुपर्नेछ। भौतिक रूपमा राष्ट्रिय सचिवालयमा उपस्थित भएर पनि नोमिनेनस फारम दर्ता गर्न सकिनेछ। तोकिएको समयपछि प्राप्त भएका र तोकिएको इमेल ठेगानामा रितपूर्वक नपठाइएका आवेदनहरूलाई मान्यता दिइने छैन।

योग्य, दक्ष, राम्रो नेतृत्व क्षमता भएका, मानवअधिकारका मूल्य, मान्यता र दर्शनबाट प्रेरित भई तिनलाई व्यवहारमा आत्मसात गर्ने तथा एम्नेस्टी इन्टरनेसनलको ग्लोबल भिजन, कोर स्टयाण्डर्ड र मूल्य मान्यतामा आधारित रहेर मानवअधिकारको अवस्थामा सुधार ल्याउन भूमिका खेल्ने हुटहुटीबाट प्रेरित व्यक्तिहरूलाई उम्मेदवारी प्रकृयामा संलग्न हुन आह्वान गरिन्छ।

प्राप्त उम्मेदवारीसम्बन्धी आवेदनहरूलाई एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन (सन् २०२३) को दफा ११ को उपदफा (३) को प्रावधान र नोमिनेसन कमिटिले तय गर्ने “कम्पिटिन्सी फ्रेमवर्क”का आधारमा निर्णय गरीने पनि यसै साथ जानकारी गराइन्छ।

धन्यवाद,



रोशन बजगाईं
संयोजक, नोमिनेसन कमिटि
एम्नेस्टी इन्टरनेसनल नेपाल